

# सहास समाचारपत्र

अङ्क ६, श्रावण, २०६८

## दुई शब्द...........

नमस्कार,

यस भन्दा अगाडिका अङ्कहरुमा सहास नेपालले आफ्नो कर्मचारी, सदस्य तथा समुदायका व्यक्तिहरुको अनुभव, विचार र दृष्टिकोणलाई समेटेर सहासका गतिविधिहरु समाचारको रुपमा प्रस्तुत गर्दै आइरहेको थियो । बीचमा केहि वर्ष विविध कारणले गर्दा यस पत्रिकाले निरन्तरता पाउन सकेन । पुनः सहास समाचारपत्र समुदायहरुको अनुभवहरुको रचनात्मक क्षमतालाई र संस्थाले गरेको गतिविधिहरुको जानकारीलाई समेट्ने गरी अंक ६ पत्रिका प्रकाशन गर्न लागिएको छ । यस पत्रिकाले कर्मचारी, सदस्य, सरोकारवाला र समुदायबीचको सम्बन्धलाई अझ बलियो बनाउने आशा हामीले लिएका छौं ।


**यस अङ्कका प्रस्तुतिहरु :**

- कार्यकारीणी निर्देशकबाट दुई शब्द
- विशेष प्रस्तुति : खाद्य अधिकार र नेपालमा यसको अवस्था
- सहास गतिविधि
- खाद्य सुरक्षामा महिला समूहको सक्रियता : सफलताका कथाहरु

शुरुवाती समयमा ओखलढुङ्गा जिल्लाबाट काम शुरु गरेको यस संस्थाले १५ वर्षको अवधिमा १० वटा जिल्लाहरुमा कार्यक्षेत्र विकास गरी विभिन्न परियोजना तथा कार्यक्रमहरु संचालन गर्न सफल भएको छ । संस्थाले प्राप्त गर्दै गइरहेको सफलताको मूख्य श्रेय ग्रामीण क्षेत्रका समुदायहरु र निरन्तर रुपमा सहयोग पूऱ्याउदै आइरहेको साझेदार संस्था  लगायत सरकारी तथा गैर-सरकारी संस्थाहरुलाई हामी धन्यबाद दिन चाहन्छौ ।

समुदायहरुलाई सामूहिक भावनाको विकास गरी दिगो रुपमा विकासका गतिविधिहरु गर्न समुदायहरुको सकृय भुमिका रहने कुरालाई सहास नेपालले आत्मसात गर्दै यस अंकमा समुदायहरुको सफलताका कथा लगायत अन्य जानकारीहरुलाई संगालेर प्रकाशन गर्ने जमर्को गरेका छौं । यसरी समुदायहरुको अनुभव र सिकाई लेखलाई सहास समाचारपब मार्फत यहाँहरु समक्ष ल्याउन पाउँदा हामीले खुशीको अनुभव गरेका छौं । तथापी यस भित्रका लेखहरुमा अवश्य पनि केहि त्रुटिहरु हुन सक्छन्, यस कारण त्यस्ता त्रुटिहरुलाई औंल्याइदिएर आगामी समयमा प्रकाशन गरीने समाचार पत्रलाई अझ राम्रो बनाउन ठुलो भुमिका खेल्ने छ भन्ने आशा हामीले लिएका छौं ।
धन्यवाद।

सुरेन्द्र कुमार श्रेष्ठ, पी.एच.डी.
कार्यकारीणी निर्देशक
सहास नेपाल




सहयोगी हातहरुको समूह (सहास) नेपाल एक नाफा रहित गैर सरकारी संस्था हो । स्थापना कालदेखि नै नेपालका ग्रामीण भेगहरुमा विभिन्न सरकारी तथा गैर-सरकारी संघ संस्थासँगको साँझेदारीमा यस संस्थाले एकिकृत ग्रामीण सामूदायिक विकासका लागि निरन्तर सकिय ढंगले काम गर्दै आइरहेको छ । सन् २०६८ सम्म आइपुग्दा दुर्गम क्षेत्रका ७६० वटा सामूदायमा आधारित संस्थाका १५,००० भन्दा बढी घरधुरी प्रत्यक्षरुपले यस संस्थाका विभिन्न कार्यक्रमद्वारा लाभान्वित भएका छन् । हाल यस संस्थाले नेपालका १० जिल्लाहरुमा सामूदायिक विकासका विभिन्न कार्यक्रमहरु कार्यन्वयन गर्दै आइरहेको छ ।




# सहास समाचारपत्र

अङ्क ६, श्रावण, २०६८

SAHAS - NEPAL सहास-नेपाल


**विशेष प्रस्तुति**

## खाद्य अधिकार

बाँच्न पाउनु प्रत्येक मानिसको आधारभूत अधिकार हो । भोकमरी तथा भोकमरीबाट सृजित समस्याहरुबाट छुटकारा पाउन र खाद्यान्न माथिको पहुँच कायम गर्न प्रत्येक मानिसको नैसर्गिक अधिकार हो । मर्यादित र स्वास्थ्य मानव जीवन जीउनका लागि मानिसले पर्याप्त मात्रामा खान पाउनु पर्दछ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८; आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ लगायत अन्य विभिन्न अन्तर्राष्ट्रिय सन्धि तथा अभिसन्धिहरुद्वारा मानिसको खाद्य अधिकारको सुनिश्चित गरिएको छ । हरेक व्यक्तिले एक्लै वा सामूहिक रुपमा हरेक समयमा पर्याप्त स्वास्थ्य र गुणस्तरीय खाद्यान्न हासिल गर्न भौतिक वा आर्थिक पहुँच पुग्नु नै खाद्य अधिकार हो जसलाई राज्यले प्रगतिशिल रुपमा लागू गर्दै जानु पर्दछ (आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार समितिको साधारण टिप्पणी नं. १२) । पर्याप्तता, उपलब्धता, पहुँच र दीगोपना खाद्य अधिकारको प्रमुख तत्वहरु भित्र पर्दछन् । नेपालको अन्तरीम संविधान २०६३ ले नेपालमा सर्वप्रथम खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको व्यवस्था गरेको छ । जसमा प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम उक्त अधिकारहरु हुनेछ भनिए तापनि कार्यान्वयनका लागि कानून भने बन्न सकेको छैन ।



अन्य अधिकार जस्तै प्रमुख रुपमा खाद्य अधिकारको सन्दर्भमा पनि राज्यका ३ प्रकारका दायित्वहरुः सम्मान, संरक्षण तथा परिपुर्ति पर्दछन् । राज्यले प्रत्येक व्यक्तिको पर्याप्त खाना माथिको अधिकारलाई सम्मान गर्नुपर्छ । साथै यस्तो कुनै पनि कार्य गर्नु हुदैन जसले गर्दा व्यक्तिको खाद्यान्न तथा अन्य श्रोत माथिको पहुँचमा प्रतिवन्ध लगाउछ वा त्यस्ता श्रोतहरुको विनाश हुन्छ । राज्यले अन्य तेश्रो पक्ष (व्यक्ति वा संस्था) बाट हुनसक्ने पर्याप्त खाद्यान्न माथिको हनन वा विनाशलाई रोक्न आवश्यक कदमहरु चाल्नुपर्दछ । राज्यले आफ्ना नागरिकको सहज जिविकोपार्जनका निम्ति पर्याप्त खाद्यान्न तथा श्रोत माथिको पहुँच बढाउन उपयुक्त पहल गर्नुपर्छ ।

### नेपालमा खाद्य अधिकारको अवस्था

खाद्य असुरक्षा नेपालमा प्रमुख चुनौतीको रुपमा देखिएको छ । नेपालको कुल जनसंख्याको (२८.८ लाख) को करिब ४१% प्रतिशत जनसंख्या, ५०%बालबालिका तथा ३१% ग्रामिण गरिबहरु खाद्य असुरक्षित भई भोकमरीको चपेटामा छन् । सन् २००९ मा ४० जिल्लाहरु खाद्य असुरक्षित रहेको देखिन्छ (फियान नेपाल २०६७; विश्व बैंक २००९; कृषि तथा सहकारी मन्त्रालय २००९) ।

नेपालमा ६५% जनसंख्या कृषि क्षेत्रबाट जीवन निर्वाह गरिरहेका छन् । यद्यपि यिनै किसानहरु खाद्य असुरक्षा, भोकमरी र कुपोषणको शिकार बन्न पुगेका छन् । ४७% गरिब किसानहरुले १५% जग्गा मात्र उपभोग गरिरहेका छन् भने ५% धनी किसानहरुले करिब ३७% जग्गा ओगटेका छन् । ७०% भन्दा बढी जनसंख्याले १ हेक्टर भन्दा कम क्षेत्रफलमा कृषि उत्पादन गर्दछन् (फियान नेपाल २०६७) ।

नेपालमा खाद्य संकट खाद्यान्न उत्पादन बढी तथा न्यून हुने दुवै जिल्लाहरुमा महशुस गरिएको छ । विशेषरुपमा महिला, बालबालिका, आदिवासी जनजाति, दलित, कमैया, हलिया, हरुवा समुदायहरुका तथा कर्णाली क्षेत्रका जनताहरु एवं एच.आई.भी. तथा एड्स संक्रमित व्यक्तिहरु खाद्य संकटबाट गुज्री रहेका छन् । खाद्य अधिकार सुनिश्चितताका लागि निम्न लिखित कुराहरु बाधा र अड्चनका रुपमा देखिएका छन्:

- लैंगिक भेदभाव तथा जातिय छुवाछुत,
- जमिन तथा अन्य प्राकृतिक स्रोतमा असमान पहुँच, भूमिहिनता र विस्थापन,
- खाद्य अधिकार सुनिश्चितताको लागि उचित कानुनी व्यवस्था तथा दीर्घकालीन रणनीतिको अभाव,
- बैज्ञानिक भूमिसुधार लागू नगरिनु,
- कार्यक्रम अधिकारमुखी भन्दा राहतमुखी हुनु,
- बितरण गरिएको खाद्यान्न अति विपन्न समुदायसम्म पुग्न नपाउनु र पारदर्शिता, जवाफदेहिता र प्रभावकारी अनुगमन हुन नसक्नु,
- दीर्घकालीन स्थानीय श्रोत साधनको उचित पहिचान तथा परिचालनको अभाव,
- परंपरागत कृषि प्रणाली,
- जलवायु परिवर्तन ।

समग्रमा भन्नु पर्दा खाद्य अधिकार सुनिश्चितताको लागि राज्यले त्यस्तो कदम चाल्नु पर्दछ जसले गर्दा भोक, खाद्य असुरक्षा र कुपोषण जस्ता तत्वहरुको वृद्धि नहोस् । साथै राज्यले सीमित शक्तिशाली व्यक्तिहरुद्वारा अशक्त समुदायको खाद्य अधिकार उलङ्घन (हनन्) गरेको अवस्थालाई पनि रोक्दै राज्यले भोकमरीलाई निर्मूल पार्न उपलब्ध स्रोतले भ्याएसम्म खाद्य अधिकारको क्षेत्रमा लगानी गर्नु अपरिहार्य छ । खाद्य अधिकारको सुनिश्चितताको लागि नेपाल जस्ता विकासोन्मुख मुलुकहरुमा व्यापक रुपमा अशक्त बनाइएका समुदायको अर्थपूर्ण सहभागितामा बहस तथा पैरवी चलाउन आवश्यक छ ।

*सहास नेपाल, खाद्य अधिकारका लागि राष्ट्रिय संजाल नेपालको सदस्य को रुपमा कार्यरत छ ।*



# सहास समाचारपत्र

## अङ्क ६, श्रावण, २०६८

सहास-नेपाल

## सहास गतिविधि



- आ.व. २०६६/६७ मा यस संस्थाले ओखलढुंगा जिल्लाको इलाका ११ को ५ वटा गा.वि.स.हरु (केतुके, उवुँ, मोली, बेतीनी र वाक्सा) र दक्षिण ललितपुरको ७ वटा गा.वि.स.हरुमा (नल्लु, इकुडोल, साँखु, चौघरे, दलचोकी, भारद्वा र भुखेल) आफ्नो कार्यक्षेत्र विस्तार गरी स्थानीय प्रयासमा खाद्य सुरक्षा रुपान्तरण परियोजना (LIFT) कार्यान्वयन गरिरहेको छ ।

- सहास नेपालद्वारा दैलेख जिल्लाका एउटा नगरपालिका सहित ४ वटा अन्य गा.वि.स.हरुमा सामूदायिक संगठन मार्फत खाद्य सुरक्षा परियोजना विगत २०६६ देखि कार्यान्वयन हुदै आइरहेको छ । यस परियोजनालाई कार्यान्वयन गर्न जर्मनीको नेपाल टिम संस्थाले पनि आर्थिक सहयोग पुऱ्याउदै आइरहेको छ । यस परियोजनाको कृयाकलापलाई प्रत्यक्ष अवलोकन गर्न जर्मनीबाट नेपाल टिमको ५ जना प्रतिनिधिले दैलेख जिल्लाको कार्यक्षेत्रमा १५ दिन बिताएको थियो । यस अवधिमा समुदायहरुसँग बसी प्रत्यक्ष रुपमा विभिन्न अन्तरकृयाहरु गरेका थिए । समग्रमा यस भ्रमणले नेपालको ग्रामीण समुदायहरुको सामाजिक, सांस्कृतिक, आर्थिक र भौगोलिक अवस्थाको बारेमा बुझ्ने मौका मिलेको कुरा बताएको थियो । जर्मनी फर्केपछि उक्त टोलीले विभिन्न लेख, प्रस्तुति तथा अन्तरक्रिया कार्यक्रम मार्फत विभिन्न इसाई समूहलाई नेपालको ग्रामीण अवस्थाको जानकारी गराएका थिए ।

- सहास नेपाल, स्त्री शक्ति र संजाल संस्थाको त्रिपक्षिय साझेदारीमा नेपालको १५ वटा जिल्लाहरुमा ( ओखलढुंगा, उदयपुर, गोर्खा, धादिङ्ग, तनहूँ , कास्की, रुपन्देही, बाग्लुङ्ग, नवलपरासी, बारा, बाँके, सुर्खेत, मोरङ्ग, रामेछाप र कैलाली) नागरीक शिक्षा परियोजना सम्पन्न भएको छ । आगामी तेश्रो चरणको लागि प्रस्ताव पत्र दातृ निकाय EED जर्मनीलाई पेश गरी सकेको छ ।

- २०६१ सालदेखि जिल्ला विकास कार्यालय ओखलढुंगा, हेल्भेटास् नेपाल तथा सहास नेपालको साझेदारीमा सञ्चालन भैरहेको स्थानीय झोलुङ्गे पुल कार्यक्रम सञ्चालनका लागि आ. व. २०६८/६९ को लागि सात वटा पुलको डिजाइन इष्टिमेट कार्य सम्पन्न भई जि.वि.स. ओखलढुंगासँग सम्झौता सम्पन्न भएको छ ।

- ओखलढुंगा जिल्लाका ११ वटा गा.वि.स.हरुमा २०६५ सालदेखि सञ्चालन भैरहेको पहाडी मकै अनुसन्धान परियोजनाको चौथो चरणको पहिलो वर्षको लागि CIMMYT सँग सम्झौता भएर कार्यन्वयन भैरहेको छ ।

- ओखलढुंगा जिल्लाका ४ वटा गा.वि.स.हरुमा घर बगैंचा कार्यक्रमको तेस्रो चरणको दोस्रो वर्षको लागि LI-BIRD पोखरासँग साँझेदारी सम्झौता सम्पन्न भएको छ ।

- सहास नेपालका अध्यक्ष श्री ब्रह्म ध्वज गुरुङ्ग फ्रान्सको लिओन शहरमा मिति २०६८ असार १७ देखि २६ सम्म आयोजित Dialogue on Humanity विषायक गोष्ठीमा सहभागी हुनु भएको छ ।

### हाल कार्यान्वयन भइरहेका परियोजना/कार्यक्रमहरु तथा साझेदार संस्थाहरु

| क्र.सं. | कार्यक्षेत्र जिल्ला | परियोजना/कार्यक्रम | साझेदार संस्था |
|---|---|---|---|
| ०१. | ओखलढुंगा | स्थानीय प्रयासमा खाद्य सुरक्षा रुपान्तरण परियोजना (LIFT) | EED Germany |
| | | गरीवी निवारण कोष कार्यक्रम ( PAF) | गरीवी निवारण कोष नेपाल ( PAF) |
| | | जैविक इन्धन परियोजना | PEEDA |
| | | घर वगैंचा परियोजना | LI-BIRD |
| | | पहाडी मकै अनुसन्धान परियोजना (HMRP) | CIMMYT |
| | | झोलुङ्गे पूल कार्यक्रम (TBSP) | जि.वि.स. र DRILLP/TBSU |
| | | नागरिक शिक्षा परियोजना (CEP) | EED Germany |
| | | संजाल संस्था क्षमता विकास कार्यक्रम | सहास नेपाल |
| | | छात्रबृत्ति कार्यक्रम | सहास नेपालको आन्तरिक श्रोत |
| ०२. | उदयपुर | स्थानीय प्रयासमा खाद्य सुरक्षा रुपान्तरण परियोजना (LIFT) | EED Germany ,FELM-Finland |
| | | नागरिक शिक्षा परियोजना (CEP) | EED Germany |
| | | छात्रबृत्ति कार्यक्रम | सहास नेपालको आन्तरिक श्रोत |
| ०३. | धादिङ, गोरखा र तनहुँ | स्थानीय प्रयासमा जीविकोपार्जन सुधार परियोजना (LIFT) | FELM-Finland |
| | | नागरिक शिक्षा परियोजना (CEP) | EED Germany |
| ०४. | मुगु, बाजुरा र कालिकोट | खाद्य सुरक्षा र जीविकोपार्जनका लागि सामुदायिक सशक्तिकरण परियोजना(CEFALS ) | EED Germany ,FELM-Finland |
| ०५. | दैलेख | सामुदायिक संगठन मार्फत खाद्य सुरक्षा परियोजना (IFCO) | संजाल / MCC र Nepalteam |
| ०६. | ललितपुर | स्थानीय प्रयासमा खाद्य सुरक्षा रुपान्तरण परियोजना (LIFT) | EED Germany |



# सहास समाचारपत्र

## अङ्क ६, श्रावण, २०६८

### खाद्य सुरक्षामा महिला समूहको सक्रियता

विश्वमा आज देखिदै आएको खाद्य असुरक्षाको समस्याले दिनानुदिन चर्को रुप लिइरहेको छ । नेपाल कृषि प्रधान देश तर विडम्वना, यही देशमा ७०% किसानले उत्पादन गरेको अन्नले बाँकी ३०% जनसंख्यालाई पनि धान्न नसकिरहेको अवस्था छ । खाद्य सुरक्षाको स्थितिलाई बलियो र दिगो बनाउनको लागि वास्तवमा स्थानीय तह र लक्षित वर्गहरुको सक्रियतामा नै कदमहरु चालिनु पर्दछ जसमा अरु निकायहरुले पनि सक्दो सहयोग पुऱ्याउनु पर्दछ ।

समाजमा सधैं पछाडि पर्दै आइरहेका महिलाहरुले पनि खाद्य सुरक्षा जस्तो सम्वेदनशील कुरामा सहयोग पुऱ्याउन सक्लान् भन्ने धेरैको जिज्ञासाको विषय हो तर यथार्थ आज बदलिएको छ । यहाँ महिलाहरुले पनि परिवर्तन गर्न सक्छन् भन्ने उदाहरण प्रस्तुत गरेका छन् ।





### जीवनस्तरमा परिवर्तन

उदयपुर जिल्लाको कटारी गा.वि.स., वार्ड नं. ३ का कृषकहरु वर्षेनी ककुर खोलाको बाढीबाट पीडित बनेका थिए । हरेक वर्ष वर्षात्को समय आउने बाढीले खेतीयोग्य जमीनहरु पुरै बगरमा परिणत गरेका थिए जसले गाउँलेलाई ठूलै खाद्यान्न संकट सृजना गराएको थियो ।

फलस्वरुप सहास नेपालको सक्रियतामा २०६५ साल भदौमा गठन भएको चिम्टाघारी महिला समूहले आवश्यकताको पहिचान गरी ककूर खोलामा बाँध निर्माण गर्ने कार्यलाई प्राथमिकता दियो । महिला समूहको नेतृत्वमा बाँध निर्माण समिति र उपभोक्ताहरु भेला गरी योजना सञ्चालन प्रकृयाबारे बृहत छलफल भएको थियो । महिला समूहले बनाएको योजनाको सबल पक्ष के थियो भने यो वास्तवमा सबैको टड्कारो आवश्यकता भएको हुनाले सबैले यसप्रति प्रतिवद्धता जनाए र काम गर्न उत्साहित भएका थिए । उक्त बाँध निर्माण कार्य सम्पन्न गर्नका लागि सहास नेपालबाट आर्थिक सहयोग रु. ५०,०००, स्थानीय समुदायबाट रु. ९६,००० र अन्य निकायहरुबाट रु. ५,७६,००० गरी कूल ६,७२,५०० को लगानी भएको थियो ।

बाँध निर्माण कार्य सम्पन्न भएपछि बगरमा परिणत भएको जमीनलाई सुधार गरी पुनः पहिलेकै जस्तो खेतीयोग्य बनाउने प्रयासमा लागी परिरहेका छन् कृषकहरु । समग्र विकास मूल समिति कटारीकी अध्यक्ष एवम् चिम्टाघारी महिला समूहकी सचिव ज्योती राई प्रसन्न हुँदै भन्छिन्, " स्पष्ट र प्रभावकारी योजना, आँट, धैर्यता, मेहनत तथा समन्वयकारी भूमिका निर्वाह गर्न सकिने हो भने योजना सम्पन्न गर्न सकिंदो रहेछ । त्यसैले सबैलाई योजना बारे थाहा भएपछि हामीले कामको गुणस्तर सहित समयमा नै काम सम्पन्न गऱ्यौं । यदि वास्तविक आवश्यकताको पहिचान गरी विस्तृत योजना समूह/समुदायको सहमती मार्फत विकास गऱ्यौं भने योजना सहजरुपमा लागू हुन्छ र त्यसको नतिजा पनि राम्रै आउने रहेछ ।"

यस योजनाबाट पाएको उपलब्धीले समूहका सदस्यहरुमा जोश, जाँगर र उत्साह बढ्न गई सहास नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा समूहले आयआर्जनका कार्यहरु जस्तै बाखापालन, सुँगुरपालन, तरकारी खेती, फलफूल खेती, च्याउ खेती आदिको थालनी गर्नुको साथै प्रौढ साक्षरता केन्द्र सञ्चालन, सामुदायिक पुस्तकालय स्थापना, भौतिक निर्माणका कार्यहरु, सामुदायिक किराना पसल सञ्चालन लगायत विविध सामाजिक विकाससँग सम्बन्धित क्रियाकलापहरु सकृयतापूर्वक सञ्चालन गर्दै आईरहेका छन् । यसरी महिला समूहको सक्रियतामा सम्पन्न बाँध निर्माण कार्यले उक्त गाउँको मूहार मात्र फेरिएको छैन, खाद्य सुरक्षामा उल्लेखनीय सुधार आई जीवनस्तरमा समेत परिवर्तन भएको छ ।

### "तरकारी बेचेर भैंसी किने"



कालीकोट जिल्ला फुकोट-२ की छट्टकला वि.क. श्री चौतार सामुदायिक समूहका कोषाध्यक्ष हुन् । तरकारीको नाममा चम्सुर र पालुङ्गो बाहेक कहिल्यै केही नरोपेकी उनले सहास नेपालको सहयोगमा एक दिने करेसाबारी तालिममा भाग लिएपछि तरकारी बालीको महत्व बुझिन् ।

समूहका अधिकांश कृषकहरुले परम्परागत रुपमा लगाउँदै आएको अन्न बालीलाई विस्थापित गर्न हिचकिचाएको बेला छट्टकलाले आफै नर्सरी तयार पारेर पुरै जग्गामा तरकारी लगाइन् । बन्दा, गोलभेडा, पालुङ्गो, प्याज, गाँजर, मुला जस्ता तरकारी नजिकैको बजारमा बेचेर रु. १७,०००/- भन्दा बढी पैसा आर्जन पनि गरिसकेकी छिन् । उनीसँग अझै पनि रु ७,०००/- बराबरको तरकारी बिक्रीको लागि तयारी अवस्थामा छ । उनले आफ्नो आम्दानीबाट १०,०००/- हालेर एउटा भैंसी पनि किनेकी छिन् । उनीबाट सारा गाउलेले आउँदा दिनहरुमा तरकारी लगाउने प्रेरणा पाएका छन् ।

आफ्नो आम्दानीबाट छोराछोरीलाई राम्रो शिक्षा दिन पाएकोमा उनी खुशी छिन् । उनमा थप जोश र जाँगर थपिएको छ र फलस्वरुप उनले ३ महिने सिलाई तालिम पनि लिएकी छिन् । उनी आफूले आर्जेको सीपको सदुपयोग गरेर समाजमा नमूना बनेर देखाउने पक्षमा छिन् ।
यसरी आफ्नो मिहिनेत र सीपको कारण छट्टमायाले आफ्नो घरको मात्र नभइ पूरा गाउँकै खाद्य संकट कम गर्न सराहनीय भूमिका खलेकी छिन् ।

**हाम्रो ठेगाना**
**सहयोगी हातहरुको समूह (सहास) नेपाल**
**पोष्ट बक्स : ८९७५, इपीसी : १५९०**
**ललितपुर**
**फोन: ९७७-१-५५२३७७६ फ्याक्स: ९७७-१-५५२३३०३**
**इमेल: sahasnepal@wlink.com.np**
**वेभ साइट: www.sahasnepal.org.np**